"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

प.सं.: 076/77
च.नं.

मितिः २०७६/११/२१

## सूर्तिजन्य पदार्थको प्रयोग तथा बिक्रि-वितरण निषेध गरिएको सूचना

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐनको दफा ४ अनुसार पाँचखाल नगरपालिकाका सार्वजनिक स्थलहरु, सरकारी कार्यालय, शिक्षण संस्था, सार्वजनिक सवारी साधन, बालगृह, सार्वजनिक शौचालय, उद्योग-कलकारखाना, मनोरञ्जन स्थल, होटल रेस्टुरेन्ट, खेलकूद स्थल, व्यवसाय स्थल, धार्मिक स्थल, सार्वजनिक सवारी, प्रतिक्षालय तथा धुम्रपान र सूर्तिजन्य पदार्थ सेवन गर्न नपाइने भनी तोकिएका अन्य स्थानहरुमा धुम्रपान तथा सूर्ति सेवन गर्न पूर्णतः निषेध गरिएको छ ।

उक्त ऐनको दफा ११ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल-कल्याण गृह, शिशु-स्याहार केन्द्र, वृध्दाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा पनि एक सय मिटर परिधिभित्रको घर, पसल आदिबाट सूर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न गराउन पाउने छैन । साथै, अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न वा गर्न लगाउन नपाइने व्यवस्थासमेत जानकारी गराइन्छ ।

पाँचखाल नगरपालिकाभित्र यस्ता कुनै क्रियाकलाप गरेको कहिं कतै पाइएमा यस विषयमा अनुगमन गर्न खटिएको टोलीले तत्काल कानून बमोजिम सजाय गर्ने व्यहोरा जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत